# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# ठुलिभेरी नगरपालिका
# डोल्पा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६/७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा दंगाल**
**महालेखापरीक्षक**

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश )

पत्र संख्याः २०७८।७९
च.नं. १९५

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
ठुलिभेरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
डोल्पा ।

**कैफियत सहितको राय**

हामीले नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ३ करोड १८ लाख ९१ हजार बेरुजू देखिएको छ। प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १४ लाख , प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ६२ लाख १६ हजार, नियमित गर्नुपर्ने रू. ३ लाख ६१ हजार र पेश्की रू. ३९ लाख १४ हजार रहेको छ ।पालिकाको गतवर्षसम्मको रु १६ करोड ६१ लाख ८८ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १९ करोड ८० लाख ९ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शंकर प्रसाद पन्थी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

**कार्यालय र स्थानः** ठुलीभेरी नगरपालीका, डोल्पा ।

**आर्थिक वर्षः** २०७६।७७

| पद र नाम | | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुख | प्र.प्र.अ. श्री लोक बा. राना | ०७६/४/१ | ०७७/३/३१ | ३१८९१०२७.३४ |
| लेखा प्रमुखः | ले.अ. सन्तोष बहादुर खड्का | ०७६/४/१ | ०७७/३/३१ | |

**आर्थिक कारोबारको स्थिति**

### एकीकृत आय व्यय

| सि.नं | आयतर्फ | | | सि. नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १२३७८२७१.७८ | १ | चालु खर्च | १९७८६७१८३.४० |
| | क) नगद | | | २ | पूँजीगत खर्च | ११६२८९७२५.४९ |
| | ख) बैंक | १२३७८२७१.७८ | | ३ | विषयगत निकाय खर्च | ६६००६३६६.३९ |
| २ | **राजस्व ( आन्तरिक आय)** | | | ४ | धरौटी फिर्ता | ० |
| | क) आन्तरिक राजस्व | ३००००००.०० | ४७८०५७९५.३० | ५ | प्रकोप व्यवस्थापन खर्च | १७९०००००.०० |
| | ख) राजस्व बाँडफाँड | ३५७३९३५२.०४ | | ६ | कोष फिर्ता | |
| | ग) अन्य आय | ९०६६१४३.२६ | | ७ | **मौज्दात** | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | | | क) बैंक मौज्दात | १७१९१८५८.१९ |
| | क) वित्तिय समानीकरण अनुदान | ८०७००००००.०० | २५४३०५०००.०० | | ख) नगद मौज्दात | |
| | ख) सशर्त अनुदान | १७३६०५०००.०० | | ८ | **धरौट मौज्दात** | १२७२४३.०० |
| | ग) विशेष अनुदान | ४००००००.०० | | | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १६८६००००.०० | | | |
| | क) वित्तिय समानीकरण अनुदान | ९८६००००.०० | | | | |
| | ख) सशर्त अनुदान | ३००००००.०० | | | | |
| | ग) समपुरक अनुदान | ०.०० | | | | |
| | घ) विशेष अनुदान | ४००००००.०० | | | | |
| ५ | **विषयगत निकायबाट प्राप्त** | ६६००६३६६.३९ | ६६००६३६६.३९ | | | |
| ६ | **धरौटी आय** | १२७२४३.०० | १२७२४३.०० | | | |
| ७ | **प्रकोप व्यवस्थापन खर्च** | १७९०००००.०० | १७९०००००.०० | | | |
| | **जम्मा** | | ४१५३८२३७६.४७ | | **जम्मा** | ४१५३८२३७६.४७ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ। यस नगरपालिका अन्तर्गत ११ वडा, ५१ सभा सदस्य, ४२१.३४ वर्ग किलोमिटर क्षेत्रफल तथा ८,३७० जना जनसंख्या रहेको छ।<br><br>उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | योजना, व्यवस्थापन प्रतिनिधित्वपत्र एवं अनुबन्धनपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । भौगोलिक विकटता, सिमित समय र कोभिड– १९ महामारीको कारण स्थलगत निरिक्षण गर्न सकिएन । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्र मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्र्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाइं प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७८।०७।१६ मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् । | |
| १. | **वजेट पेश र पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाको २०७६।७७ को बजेट २०७६ असार ३१ गते पेश भई ३१ गते पारित भएको देखिन्छ । | |
| २. | **वित्तीय विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन। | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल वमोजिम रहेका छन । | |
| | • गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-१४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख गाउँपालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• वातावरण संरक्षणको एकीकृत दिर्घकालिन योजना तयार नगरेको ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>• भ्रमण अभिलेख खाता म.ले.प.फा.नं.९०८ तथा भ्रमण प्रतिवेदन म.ले.प.फा.नं.९०९ प्रयोगमा नल्याएको ।<br>• खरिद इकाई गठन नगरेको तथा खरिद योजना तयार नगरेको।<br>• सार्वजनिक खरिद ऐन,२०६३ बमोजिम पान नम्बर भएका फर्म सँग मात्र कारोवार गर्ने प्रावधान पुर्ण रुपमा लागु नगरेको।<br>• कार्यालय प्रमुख, लेखा प्रमुख तथा गाउँपालिका पदाधिकारीको नाममा पेश्की दिने गरेको तथा खर्च भुक्तानीको लागी समेत रकम लिई भुक्तानी गर्ने गरेको ।<br>• आन्तरिक लेखापरीक्षणबाट देखिएका वेरुजु समयमानै फछ्र्यौट नगरेको । | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | • अन्तिम लेखापरीक्षणबाट देखिएका वेरुजुको लगत राखी सम्परीक्षण सम्बन्धी कार्य नगरेको ।<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७५(१) बमोजिम पेश्की लिनु पर्दा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरण पेश गरी पेश्की लिनेदिने गरेको पाईएन ।<br>• कतिपय गोश्वारा भौचर, तलबी भरपाई लगायतको कागजातमा कार्यालय प्रमुख तथा लेखा प्रमुखले सहीछाप नगरेको ।<br><br>गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **ऐनको कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७)मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८(५)मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्जनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत कार्यक्रम भन्दा कार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन।गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ। | |
| ५. | **कानून निर्माण र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म १९ वटा ऐन, १४ वटा नियमावली, १० कार्यविधि ७ निर्देशिका समेत ५० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। | |
| ६. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ७. | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । यस गाँऊपालिकले यो बर्ष स्वीकृत गरी सञ्चालन गरेकोमा कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन । गाँऊपालिकको बिकासको लागि कार्यक्रमको प्राथमिकीकरण नगरेको कारण उपलव्ध सिमित स्रोत साधन ससाना कार्यक्रममा खर्च भई नतिजा देखिने गरी उपलव्धि हासिल हुन नसक्ने भएकोले योजना एवं कार्यक्रमको प्राथमिकीकरण गरी उच्च प्राथमिकतामा परेको कार्यक्रम सञ्चालन गर्नु पर्दछ । | |
| ८. | **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १ करोड अबण्डा राखी कार्यपालिकाको विभिन्न समयको निर्णयबाट कार्यक्रम, स्वीकृत गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यगाउँपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ९. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाबाट कर्मचारी दरबन्दी तथा पदपूर्तिको विवरण माग गरिएकोमा प्राप्त भएन । नगरपालीको भनाई अनुसार हाल कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर सहित ९ पदहरु रिक्त रहेका र अधिकांश करार कर्मचारीहरुले कार्य संचालन गरिरहेको पाईयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १०. | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. ३०,००,०००।०० समेत रु.४१,४२,७७,३१४.६१ आम्दानी भएकोमा चालु तर्फ रु. १९,७८,६७,१८३।४०, पूँजिगत तर्फ रु. ११,६२,८९,७२५।४९ र विषयगत निकाय तर्फ रु. ६,६०,०६,३६६।३९ गरी जम्मा रु. ३८,०१,६३२७५।४९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७८ प्रतिशत मात्र रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.४२ प्रतिशत चालु र ३०.५८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गर्नुपर्दछ ।साथै आन्तरीक आयको स्रोतहरु पहिचान गरी आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ११. | **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पँजीतग तर्फ चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । | रकम रु. हजारमा |

| क्र. सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | असार महिना |
| १ | समानीकरण अनुदान तर्फ | ७४२८५ | ५४९ | ० | ७४२८५ | ५६७६७ |
| २ | संघिय सरकारबाट हस्तान्तरित पुँजीगत | ४१७७५ | ० | ० | ४१७७५ | २३०११ |
| ३ | प्रदेश सरकारबाट हस्तान्तरीत समानिकरण | ९८६० | ० | ० | ९८६० | ९८६० |
| ५ | प्रदेश सरकार विशेष अनुदान | ४००० | ० | ० | ४००० | ४००० |
| ६ | प्रदेश सरकार बाट हस्तानुतरीत शशर्त | ३००० | ० | ० | ३००० | ३००० |
| | जम्मा | १३३४६९ | ५४९ | ० | १३२९२० | ९६६३८ |
| | प्रतिशतमा | | ०.४२ | ० | ९९.६२ | ७२.४० |

| | | |
|---|---|---|
| | गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार समानिकरण अनुदान, सर्शत अनुदान तथा प्रदेश सरकार अनुदान (पँजीगत) तर्फ कुल रु. १३ करोड ३४ लाख ६९ हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु. ५ लाख ४९ हजार अर्थात ०.४२ प्रतिशत बाँकी सम्पुर्ण रकम रु. १३ करोड २९ लाख २० हजार, अर्थात ९९.६२ प्रतिशत तेस्रो चौमासिकमा खर्च गरेको छ । गाउँपालीकाले असार महिनामा मात्र रु. ९ करोड ६६ लाख ३८ हजार, अर्थात ७२.४० प्रतिशत खर्च गरेको देखिएकोले आर्थिक बर्षको अन्त्यमा बढी खर्च भएको देखिन्छ । यसरी आर्थिक बर्षको अन्यमा आएर खर्चको चाप बढ्दा योजना अनुगमन तथा मुल्यांकनमा कठीनाई भई कामको गुणस्तर कायम गर्ने कार्यमा असर पर्दछ । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरीनुपर्दछ । | |
| १२. | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | बजेटको तुलनामा खर्च प्रतिशत | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २४५९८ | ९२५८ | ३७.३४ | २.९४ |
| २ | सामाजिक विकास | २०८१५९ | १९०३१४ | ९१.४३ | ६०.६२ |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरू</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>३</td><td>पुर्वाधार विकास</td><td>८८७३१</td><td>५७८१९</td><td>६५.१६</td><td>१८.३९</td></tr>
<tr><td>४</td><td>वित्तिय व्यवस्थापन र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>२५२०</td><td>२५२०</td><td>१००</td><td>०.८०</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>६०१६०</td><td>५४५६५</td><td>९०.७०</td><td>१७.३५</td></tr>
<tr><td colspan="2"></td><td>३८४१६८</td><td>३१४४७६</td><td>८१.८६</td><td>१००</td></tr>
</table>
नगरपालीकाले कुल बजेटको तुलनामा ८१.८६ प्रतिशत खर्च गरेको छ भने खर्चको सबैभन्दा बढी अंश अर्थात ६०.६२ प्रतिशत सामाजिक विकासमा र सबै भन्दा कम अंश अर्थात ०.८० प्रतिशत वित्तिय व्यवस्थापन र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा खर्च गरेको छ । नगरपालिकाको बस्तुस्थिति तथा आवश्यकता अनुसार बजेट विनियोजन तथा खर्च गर्नु पर्दछ ।
</td><td></td></tr>
<tr><td>१३.</td><td>मौज्दात रकम फिर्ता: अर्थ मन्त्रालयलको अन्तर सरकारी वित्तिय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शनमा सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । आर्थिक बर्ष २०७६।७७ मा खर्च नभई बाँकी रहेको शसर्त अनुदान रु. ५४,९९,८७५/- संघिय संचित कोषमा  दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>१४.</td><td>ठेक्का व्यबस्थापनः  सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागत अनुमान तयार गर्ने, ठेक्का स्विकृत गर्ने कार्य पहिलो चौमासिक अवधिमा गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले रु. १,४२,६८,४०७।०५ को विभिन्न ६ ठेक्का व्यवस्थापन गरेकोमा सम्पर्ण ठेक्का तेस्रो चौमासिकमा मात्र गरेको छ । यसरी आर्थिक बर्षको अन्त्यमा मात्र ठेक्का व्यवस्थापन गर्दा निर्माण कार्यको लागी कम समय हुने, अनुगमन तथा मुल्यांकन प्रभावकारी नहुने तथा कामको गुणस्तर कायम गर्ने कार्यमा समस्या हुने जस्ता समस्या हुन्छ । समयमा ठेक्का व्यवस्थापन गरी निर्माण कार्यको गुणस्तर कायम गर्ने तर्फ उचित ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>लक्ष्य प्रगतिः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । गाँऊपालिकले यो बर्ष सञ्चालन गरेकोका कार्यक्रमहरुको नियममा उल्लेख भएअनुसार अनुसूची– २ को ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन प्रगति प्रतिवेदनको अभावमा स्वीकृत कार्यक्रमको समग्र प्रगति स्थिति मूल्यांकन गर्न सकिएन । सञ्चालित कार्यक्रमको तोकिएको ढाँचा प्रगति प्रतिवेदन तयार गरी बार्षिक समिक्षा गर्ने व्यबस्था मिलाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५.१.</td><td>सर्शत र समानीकरण अनुदान अन्तर्गत कृषि, पशु, शिक्षा, स्वास्थ्य लगायतका कार्यक्रम सञ्चालन गर्न बजेट र कार्यक्रम प्राप्त भएकोमा उक्त कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलव्धिको बार्षिक प्रगति बिबरण तयार नगरेको कारण लक्ष्यबमोजिम कार्य भए नभएको बिश्लेषण गर्न सकिएन । तसर्थ ती कार्यक्रमको प्रगति बिबरण पेश गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| १६. | **कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले हाल कल्याण कोष स्थापना गरेको छैन । कल्याणकोष स्थापना नहुँदा कर्मचारीहरुले अवकास हुँदा पाउने सुविधा भुक्तानीमा असर पर्दछ । ऐनमा भएको व्यवस्थाको पालना गरी तोकिए बमोजिम रकम मासिक रुपमा जम्मा गर्नुपर्दछ। | |
| १७. | **तलवी प्रतिबेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अन्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा गाँऊपालिकतर्फका स्थायी कर्मचारीको तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १८. | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| १९. | **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची– १ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । गाँऊपालिकले यो बर्ष निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशत कन्टिन्जेन्सी कता गरी खर्च गर्ने गरेकोमा सोको बेग्लै अभिलेख नराखेको कारण कन्टिन्जेन्सीमा कति रकम प्राप्त भई कति खर्च भएको भन्ने सम्बन्धमा यकिन गर्न सकिएन । नियममा भएको व्यबस्थाबमोजिम कन्टिन्जेन्सी खर्चको व्यबस्था गरी यस्तो खर्चलाई व्यबस्थित गर्न कन्टिन्जेन्सी खर्चको कार्यीबिधि बनाउने, यसबाट हुने खर्चको बार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने एवं खर्चको बेग्लै स्रेस्ता राख्ने व्यबस्था मिलाउनु पर्दछ । | |
| २०. | **उपभोक्ता समिति दर्ता नभएकोः** संस्था दर्ता ऐन, २०३४ दफा ३ अनसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेट परेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | |
| २१. | **उपभोक्ता समिति मार्फत कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यीबिधि उल्लेख छ । नियमावलीमा भएको व्यबस्थाको पालना सम्बन्धमा निम्नानुसार देखिएको छः | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| २१.१. | नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन । | |
| २१.२. | नियमावलीको नियम ९७(१२) मा उपभोक्ता समिति मार्फत भएको निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले सम्पन्न आयोजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको देखिएन । | |
| २१.३. | उपभोक्तासँगको खरिद सम्झौतामा सवै कामहरु इन्जिनियरिङ्ग नर्म्स, ड्रईङ, डिजाईन संलग्न प्राविधिक स्पेशिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा कुनै पनि उपभोक्ता समितिको कार्यमा ड्रईङ, डिजाईन तयार गरेको पाईएन । साथै कतपिय उपभोक्ता समितिले काम भएको प्रमाणित गर्ने तस्विर समेत संलग्न रहेको छैन । उपभोक्ता समितिवाट भएको काममा पारदर्शिताको कमी देखिन्छ । | |
| २१.४. | उपभोक्ता समितिबाट गरेको कार्यमा तोकिएको अवधि सम्म दुरुस्त राख्नु पर्ने भएमा त्रुटी सच्याउने अवधि सम्मको धरौटी राख्नु पर्दछ । त्रुटी सच्याउने अवधिसम्मको धरौटी राख्ने गरेको पाईएन । निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा गर्ने व्यबस्था मिलाउन उपयुक्त हुने देखिन्छ । | |
| २१.५. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर लगायतका मेशीन प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| २१.६. | **डोर हाजिरः** तोकीएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्नुपर्दछ । उपभोक्ता समितिले डोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । फारममा नाम ठेगाना लगायतको विवरण समेत खुलाउने गरेको छैन । फारमको भाग-३ मा रहेको जिन्सी सामान प्रयोग विवरण लगायत काम गरेका नापीको यथार्थ विवरण भरेको देखिएन । नर्म्स अनुसार जिन्सी सामान खपत र ज्याला खर्च भएको हो होइन ऐकिन हुनसक्ने अवस्था नदेखिंदा निर्माण कार्य भए नभएको समेत यकिन हुन सक्ने आधार नदेखिएकोले फारममा उल्लेखित सम्पूर्ण विवरणहरु तयार गरी खर्चको यथार्थता हुनेगरी डोर हाजिर फारम तयार हुने व्यवस्था गर्नेतर्फ प्राविधिक तथा उपभोक्ताको ध्यान जान जरुरी देखिएको छ । | |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरू</th><th>बेरुजू रकम</th></tr>
<tr><td>२२.</td><td>निर्माण कार्यको लगतः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यबस्था भएकोमा गाँउपालिकाले यस वर्ष संचालन गरेको सिंचाइ एवं खानेपानी योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाँउपालिकाले गतविगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यबस्थापन गर्नुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>२३.</td><td>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>२</td><td>१</td><td>१०</td><td>३०</td><td>४</td><td>४७</td></tr>
</table>
उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष जम्मा ४७ वटा योजना संचालन गरेकोमा रु. १ लाख सम्मको २ वटा, रु. १ देखी २ लाख सम्मको एउटा, २ देखी ५ लाख सम्मका १० वटा योजना, रु ५ लाख देखी १० लाख सम्मको ३० वटा र रु. १० लाख भन्दा बढीको ४ योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षैंभरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतीका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकरात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४.</td><td>वडा सचिवको पदपूर्ति : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><th>वडा संख्या</th><th>वड सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr>
<tr><td>११</td><td>११</td><td>९</td><td>२</td></tr>
</table></td><td></td></tr>
<tr><td>२५.</td><td>बैठक भत्ताः कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ११ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा न्यायिक समिति लगायत स्थानीय तहको अन्य कुनै समिति वा उपसमितिको वैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसूची-२ वमोजिमको रकम वैठक भत्ता वापत पाउने उल्लेख छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष पदाधिकारी र सदस्यहरूलाई सभा, कार्यपालिका, वडा लगायतको बैठक भत्ता वापत रु. ७,०४,०००/-खर्च लेखेको छ।बैठक भत्ता खर्चलाई</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | नियन्त्रीत तथा व्यवस्थित बनाउनु पर्दछ । | |
| २६. | **स्वकीय सचिव** - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर नगर प्रमुखको कानुनी सल्लाहकारका रुपमा सहायक स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री विरचन्द्र ढाँगीलाई नियुक्त गरी मासिक रु. २६,६१०/- का दरले मासिक तलब, एक महिनाको तलब बराबरको चाडबाड खर्च र पोसाक भत्ता रु. १५,०००/- समेत बार्षिक रु. ३,६०,९३०/- भुक्तानी भएको छ । नियममा नतोकिएको सुविधा भुक्तानी गरेको रकम अनियमित देखिएको रु. | ३६०९३०.०० |
| २७. | **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ११,६२,८९,७२५/- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ।तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ। | |
| २८. | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ३८,४१,८२२/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु. ३०,००,०००/- अर्थात ७८.०१ प्रतिशत मात्र आय प्राप्त गरेको छ । गाउँपालीकाको आन्तरीक आय अत्यन्त न्यून रहेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २९. | **राजश्व अभिलेख** : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन ।साथै रसिद नियन्त्रण खाता राखेको छैन । कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा ध्यान दिनुपर्दछ । | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ३०. | **भ्रमण खर्च :** कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छनः<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु गाउँपालिका वा कार्यालयसँग असम्बन्धित गाउँपालिका वा कार्यालय गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो। त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ३१. | **कोभीड व्यवस्थापन खर्चः** गाउँपालीकाले कोभिड व्यवस्थापनको लागी आर्थिक बर्ष २०७७।७८ मा नगरपालीका आफैले विनियोजन गरेको तथा विभिन्न स्रोतबाट प्राप्त रकमबाट क्वारेन्टिन तथा होल्डिङ्ग सेन्टर निर्माण तथा व्यवस्थापनको लागी रु. ३६,७०,०००।००, आइशोलेशन केन्द्र निर्माण व्यवस्थापनको लागी रु. ३८,९०,०००।००, औषधी एवंम स्वास्थ्य उपकरण तथा सामाग्री खरिदको लागी रु. २९,३०,०००।०० र अन्य विविन्न शिर्षकमा रु. २६,१०,००० गरी जम्मा रु. १,३१,००,०००।०० खर्च गरेको छ । नगरपालीकाले स्रोतगत आयको विवरण नराखेकोले विस्तृत रुपमा विश्लेशण गर्न सकिएन । उपलब्ध स्रोत तथा साधनको अधिकतम सदुपयोग गरी महामारी रोक्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३२. | **सामाजिक सुरक्षा भत्ताः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५, मा स्थानीय तहले प्राप्त अनुदान रकम सम्बन्धित वडा कार्यालयबाट प्रविष्टि भएको एम. आई. एस. को आधारमा बैंक मार्फत भुक्तानी दिनुपर्ने र हाताहातै नगद वितरण गर्नु परेमा मन्त्रालयको स्वीकृती लिनुपर्ने व्यवस्था छ ।साथै भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिलाई मात्र वितरण गर्नुपर्ने वा निजको व्यक्तिगत बैंक खातामा जम्मा गरीदिनुपर्ने व्यवस्था छ ।यस गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंक खातामा र हातहातै नगदै वितरण गरेकोमा मन्त्रालयको स्वीकृती लिएको देखिएन । नगरपालिकाले भत्ता पाउने व्यक्तिहरुको बैंक खाता खोल्न लगाई बैंक मार्फत मात्र भत्ता वितरण गर्नु पर्दछ । साथै निम्नानुसार रकम दोहोरो भुक्तानी भएकोले असूल गरी दखिला गर्नुपर्दछ । असुल गर्नुपर्ने | ९६०००.०० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | रु. | |

| गो.भौ.न | मिति | वडा नं | नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| ४ | २०७७।१।२० | ५ | नानी रोकाया | २४०००.०० |
| ७ | २०७७।१।२० | ७ | विष्णु कुमारी शाही | २४०००.०० |
| ८ | २०७७।१।२० | १० | काली कार्की | २४०००.०० |
| १६ | २०७७।३।२१ | १ | धन बहादुर राकाया | २४०००.०० |
| | जम्मा | | | ९६०००.०० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ३३. | **बढी निकासाः** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । निम्नानुसार विद्यालयलाई शिक्षकको तलब निकासा गर्दा निम्नानुसार रकम बढि निकास दिएकोले असुल गरी संचितकोषमा दाखिला गर्नुपर्ने रु..... | २००००.०० |

| शिक्षकको नाम | विद्यालयको नाम | विवरण | बढी निकासा रकम |
|---|---|---|---|
| चन्द्रकला कार्की | शुभकामना आ.वि . रह | भौचर नं. ५३ मिति २०७६।३।१५ बाट रु. ४६०००।०० निकासा हुनु पर्नेमा रु. ५६०००।०० तलब निकासा भएकोले बढि निकासा भएको रु | १००००.००० |
| हस्तमान बुढाथोकी | ,, ,, | भौचर नं. ५३ मिति २०७६।३।१५ बाट रु. ५५०००।०० निकासा हुनु पर्नेमा रु. ६५०००।०० तलब निकासा भएकोले बढि निकासा भएको रु | १००००.०० |
| जम्मा | | | २००००.०० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ३४. | **बिल भरपाईः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा करोवारको लेखा राख्दा प्रमाणित विल भरपाईको आधारमा राखु पर्ने र सोही बमोजिम खर्च लेख्नुपर्ने व्यवस्था छ। | |
| ३४.१. | कार्यालयले देहायको भौ.नं.र मितिबाट फाँटवारीमा विल भरपाई संलग्न नगरी रु. २,४१,०९,४४०.९५/- खर्च लेखेको छ ।खर्च पुष्टि गर्ने विल भरपाई बेगर खर्च गर्दा अनियमितता हुने तथा खर्च नियन्त्रणमा असर पर्दछ । यसरी विल भरपाई वेगर खर्च लेख्ने पदाधीकारीहरुलाई जिम्मेवार बनाई खर्चको विलभरपाई पेश गर्ने अन्यथा असुल गर्ने रु.... | २४१०९४४०.९५ |

| भौ.नं./मिति | भुक्तानी लिनेको नाम | भुक्तानी रकम | विल रकम | विल नभएको |
|---|---|---|---|---|
| २३-०७६/६/१६ | प्रहरी कार्यालय, जुफाल | ७००००.०० | ० | ७००००.०० |
| ९०-०७६/९/९ | नखुलेको | ५५६९२६.०० | ३०७५३४.०० | २४९३९२.०० |
| १०१-०७६/९/९ | नखुलेको | ५६८२५०.०० | १४६३७०.०० | ४२१८८०.०० |
| १०२-०७६/८/२४ | जय आशष कार्गो सर्भिस | ४५३७७०.०० | ० | ४५३७७०.०० |
| १०३-०७६/८/२५ | नेपाल बैंक लि. | ३६००००.०० | ० | ३६००००.०० |
| १२३-०७७/२/१२ | महिला शशक्तिकरण केन्द्र डोल्पा | १०००००.०० | ० | १०००००.०० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| संघिय पुंजीगत तर्फ | नखुलेको | | ० | |
| ३०-०७७/३/३० | आदर्श मावि भवन निर्माण उ.भो.स. | ७४९९८५२.०० | ० | ७४९९८५२.०० |
| ३१-०७७/३/३० | नखुलेको | ७५००००.०० | ० | ७५००००.०० |
| ३५-०७७/३/३१ | नखुलेको | ८८३८२.७५ | ० | ८८३८२.७५ |
| ४५-०७७/२/२९ | वडा नं. ६ स्वास्थ भवन निर्माण | १९०००००.०० | ० | १९०००००.०० |
| ४७-०७७/३/२ | वडा नं ५ देखी रोलाघाट सम्म मोटर बाटो | १७९३९१०.०० | ० | १७९३९१०.०० |
| ५०-०७७/३/११ | मेलसरा- कृषी विसका कार्यालय सम्म घेरावार उ.भो.स. | ४७०२५०.०० | ० | ४७०२५०.०० |
| ८१-०७७/३/३० | घोरीढुंगा - गाउघर ढुंगा विछ्याउने कार्य उ.भो.स. | २५०००००.०० | ० | २५०००००.०० |
| ८७- २०७७।३।३१ | नखुलेको | १५००० | ० | १५००० |
| ९०-२०७७।३।३१ | नखुलेको | ४४५९६० | ० | ४४५९६० |
| ८९- २०७७।३।३१ | नखुलेको | ३९८००० | ० | ३९८००० |
| ८८- २०७७।३।३१ | नखुलेको | २९०००० | ० | २९०००० |
| ९३- २०७७।३।३१ | नखुलेको | ९७६५३ | ० | ९७६५३ |
| ३- २०७६।१०।२ | नखुलेको | ५०५००० | ० | ५०५००० |
| ११-२०७६।१०।१४ | नखुलेको | २७३८४०० | ० | २७३८४०० |
| १२-२०७६।१०।१४ | नखुलेको | २२७७०० | ० | २२७७०० |
| १५-२०७६।१०।१४ | नखुलेको | १६२१५९१.२ | ० | १६२१५९१.२ |
| २५- २०७७।२।१० | नखुलेको | १०६२७०० | ० | १०६२७०० |
| ४४- २०७७।३।३१ | हुम बहादुर शाही | ५०००० | ० | ५०००० |
| जम्मा | | | | २४१०९४४०.९५ |

| | | |
|---|---|---|
| ३४.२. | (९०-०७६/१०/१५) विभिन्न ६ जनालाई भत्ता नबुझाएकोले दाखिला गर्नुपर्ने रु. | ९०००.०० |
| ३४.३. | (१७०-०७७/२/२०) कर्मचारी श्री रत्नविर कठायतले विभिन्न ८ जनालाई भत्ता नबुझाएकोले दाखिला गर्नुपर्ने रु. | १२०००.०० |
| ३४.४. | निम्नानुसार विद्यालयहरुले भौतिक निर्माण, क्षात्रवास संचालन तथा शैक्षिक पूर्वाधारको लागी नगरपालीकाबाट निम्नानुसार रकम भुक्तानी लिएकोमा निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तथा विल भरपाई पेश भएको छैन । यसरी कार्यसम्पन्न प्रतिवेदन तथा आवश्यक विलभरपाई नहुँदा अनुदान रकमको सहि सदुपयोग भए नभएको यकिन हुँदैन । सम्बन्धित विद्यालयले कार्यसम्पन्न प्रतिवेदन तथा खर्च पुष्टि गर्ने विल भरपाई पेश गर्नुपर्ने रु. | १४२५०००.०० |

| भौचर नं. र मिति | विद्यालयको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १६-०७७/३/१२ | आदर्श मावि | १४२५०००.०० | खेलमैदान निर्माण |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ३५. | **भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नुपर्ने व्यवस्था छ। | |
| ३५.१. | कार्यालयका कर्मचारी श्री राम कुमार यादव उष्ण प्रदेशिय बागवानी केन्द्र नवलपुर सर्लाहीमा सरुवा भई जाँदा, सरुवा भएको कार्यालयमा बढीमा दुई दिनमा पुग्नेमा निजले नेपालगञ्जमा ३ दिन बसेको समेत भुक्तानी लिएकोले प्रतिव्यक्ती रु. ४८००/- को दरले ६ जनाको रु. २८८००/- बढी भुक्तानी भएको छ । बढि भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु. | २८८००.०० |
| ३५.२. | कार्यालयका कर्मचारी श्री राम कुमार यादव उष्ण प्रदेशिय बागवानी केन्द्र नवलपुर सर्लाहीमा सरुवा भई जाँदा परिवार सहित ६ जनाको हवाई यातायात खर्चबापत प्रतिव्याक्ती रु. ५३००/- को दरले रकम लिएकोमा बोर्डिङ पास तथा हवाई टिकट पेश नगरेकोले पेश गर्नुपर्ने रु. | ३१८००.०० |
| ३६. | **अग्रिम करः** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा तोकीए बमोजिम अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । साथै | |
| ३६.१. | पालीकाले निम्नानुसार भुक्तानी गर्दा अग्रिम कर कट्टी गरेको छैन । यसबाट राजश्व असुलीमा असर पर्दछ । कट्टी नभएको कर सम्बन्धीतबाट असुल गरी दाखीला गर्नुपर्ने रु.... | ४६८९६६.५८ |

| भौचर नं. र मिति | भुक्तानी पाउने/ थप विवरण | भुक्तानी रकम रु. | अग्रिम कर रकम रु. |
|---|---|---|---|
| २-०७७/२/२५ | लक्ष्मी मा.वि. सौचालय निर्माण उपभोक्ता समिति | ६६५०००.०० | ६५००.०० |
| २१-०७७/३/२३ | आदर्श मावी भवन निर्माण उपभोक्ता समिति | ६०८००००.०० | ६०८००.०० |
| २३-०७७/३/२६ | भवानी आ.वी. सौचालय निर्माण उपभोक्ता समिति | ६६५०००.०० | ६५००.०० |
| १९-०७७/३/१९ | घाराला -दारि-विसौना- यारी पदमार्ग उपभोक्ता समिति | २७०३८५.५५ | २७०४.०० |
| २०-०७७/३/२० | महादेवा आवि घेरावार उपभोक्ता समिति | ७७७३६२.३० | ७७७४.०० |
| ३२-०७७/३/३० | मोतिपुर जुफाल माजफाल सडक निर्माण उपभोक्ता समिति | १०४५०००.०० | १०४५०.०० |
| २२-०७७/३/२६ | बोलेगाढ झोलुंगे पुल उपभोक्ता समिति | ४४४४०३४.०० | ४४४४०.०० |
| ९-०७७/२/९ | औतारी मन्दिर निर्माण उपभोक्ता समिति | २८५०००.०० | २८५०.०० |
| ६२-०७७/३/२२ | कुल्मी- लामाघर ढल निकास उपभोक्ता समिति | ५७००००.०० | ५७००.०० |
| १३-०७७/२/९ | लोचागाउँ खानेपानी योजना उपभोक्ता समिति | १०४७५००.०० | १०४७५.०० |
| १६-०७७/२/११ | डोल्पो क्याम्पस उपभोक्ता समिति | १९०००००.०० | १९०००.०० |
| ५७-०७७/३/१९ | दुनै बजार आर.सि.सि. निर्माण उपभोक्ता समिति | ९५००००.०० | ९५००.०० |
| २७-०७७/२/१५ | सुधारिएको आधुनिक घट्ट निर्माण उपभोक्ता समिति | ६६५०००.०० | ६५००.०० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ९०-०७७/३/३१ | रेगन निर्माण सेवा तथा सारंग सप्लायर्स (सरस्वती मावि घेरावार) | ९५८७४६.५८ | १२७२७.०० |
| ९१-०७७/३/३१ | निराज निर्माण तथा ढुवानी सेवा (लालिगुरास आवि खेलमैदान निर्माण) | ९५३९६९.३० | १२६२५.१७ |
| ९२-०७७/३/३१ | सुनिल निर्माण सेवा एण्ड सुनिल खाद्य ढुवानी सेवा (बेरुलु सिंचाई निर्माण) | ९५८११९.३२ | १२७२०.०० |
| ९४-०७७/३/३१ | रुपगाढ पुल निर्माण उपभोक्ता समिति | १४२२०००.०० | १४२२०.०० |
| ९८-०७७/३/३१ | रेगेन निर्माण सेवा तथा सारंगा सप्लायर्स (विद्युत पावरहाउस खाल्दारा) | ९५००००.०० | १२६११.०० |
| विभिन्न ३ भौचर | दिनेश नमुना कन्स्ट्रक्सन जे.भी. (घट्टेखोला -खमन सिंचाई) | ५२४८८४१.२४ | ६९६७५.०० |
| ३२-०७६/६/१५ | नेपाल बैंक लि. विविध खर्च | ५७२६२५.०० | ४०३३६.८८ |
| ४४-०७६/६/१६ | नेपाल बैंक लि. | २२७३७५.०० | ५४००.०० |
| ५३-०७६/६/१६ | सामुदायिक रेडीयो त्रिपुरा एफ एम | २५५०००.०० | ३४४२५.०० |
| ६५-०७६/६/१६ | त्रिपरासुन्दरी यातायात | ९५०००.०० | ९५००.०० |
| ७७-०७६/१०/६ | दिलमाया के.सी. | ७००००.०० | २९८५.०० |
| ९०-०७६/१०/१५ | नेपाल बैंक लि. | १६६२५०.०० | ४५००.०० |
| ९८-०७६/१०/२५ | नेपाल बैंक लि. | ३७३३४०.०० | ५६००.०० |
| १००-०७६/१०/९ | ,, ,, | ५५६९२६.०० | ८३५३.०० |
| १०५-०७६/१०/१९ | राजकुमार भण्डारी | ३१८३२२.०० | ४७७५.०० |
| १०६-०७६/१०/२१ | दिलमाया केसी | ४१८०३४.०० | ६२७०.५३ |
| २५९-०७७/३/२९ | टिका कुमारी शाही | १५२५००.०० | १५२५०.० |
| ५३-०७७/३/१५ | खोर खोला हुँदै मंचसम्म चरिचरण मर्मत उ भो स | १९००००.०० | १९००.०० |
| ५४-०७७/३/१९ | छराप देखी शेरा सम्म खानेपानी उ भो स | १९००००.०० | १९००.०० |
| | जम्मा | | ४६८९६६.५८ |

| | | |
|---|---|---|
| ३६.२. | **कर कट्टि रकमः** पालीकाले निम्नानुसार कामको भुक्तानी गर्दा अग्रिम कर कट्टा गरेकोमा दाखिला गरेको छैन । यसरी अग्रिम कर दाखिला नगर्दा सरकारको राजश्व असुली कार्यमा असर पर्दछ । अग्रिम कर दाखिला गर्नुपर्ने रु.. | ५८९७८७.७९ |

| विवरण | कर रकम |
|---|---|
| जुफाल स्वास्थ चौकी मर्मत | ७१२५.०० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | | बेरुजू रकम |
|---|---|---|---|
| | आँखेखोला झोलुंगे पुल निर्माण उपभोक्ता समिति | १०९०३.०० | |
| | संघिय सरकारबाट हस्तान्तरित चालु तर्फको विभिन्न भुक्तानीमा कट्टा नभएको सामाजिक कर दाखिला नभएको रु. | ७८३४५.३४ | |
| | समानिकरण अनुदान चालु तर्फको विभिन्न भुक्तानीमा कट्टा नभएको सामाजिक कर दाखिला नभएको रु. | २१६६८९.०९ | |
| | समानिकरण अनुदान चालु तर्फको विभिन्न भुक्तानीमा कट्टा नभएको अग्रम आयकर दाखिला नभएको रु. | ७७५४०.३६ | |
| | समानिकरण अनुदान चालु तर्फको विभिन्न भुक्तानीमा कट्टा नभएको बहालकर दाखिला नभएको रु. | १५९१३५.०० | |
| | समानिकरण अनुदान चालु तर्फको विभिन्न भुक्तानीमा कट्टा नभएको पारिश्रमिकर दाखिला नभएको रु. | ४००५०.०० | |
| | जम्मा | ५८९७८७.७९ | |
| ३७. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :<br>नियमाबलीको व्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | | |

| गोभौनं./मिति | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| ७६-०७७/३/३० | लाहारा -हुँ मोटरबाटो निर्माण | २३७५०००.०० | स्काभेटर | २३७५०००.०० |
| ७७-०७७/३/३० | भिति- जुफाल मोटरबाटो निर्माण | २८५००००.०० | स्काभेटर | २८५००००.०० |
| १०५-०७७/३/३१ | मलखोला-परेली-सारंगा फोक्सुन्डो मोटरबाट | ३८०००००.०० | स्काभेटर | ३८०००००.०० |

| | | |
|---|---|---|
| ३८. | **धरौटी कट्टा नगरेको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) वमोजिम सार्वजनिक निकायले खरिद सम्झौता अनुसारको रनिङ विल वा विल विजकको भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ वा बिल बिजककमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने व्यवस्था छ । नगरपालीकाले निम्नानुसार निर्माण व्यवसायीहरुलाई निम्नानुसार कामको भुक्तानी गर्दा धरौटी कट्टा गरेको छैन । यसरी धरौटी कट्टा नगर्दा त्रुटी सच्याउने कार्यमा असर पर्दछ । तोकिए बमोजिम धरौटी कट्टा | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| | गरेर भुक्तानी दिनुपर्दछ । | |

| भौचर नं. र मिति | काम | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|
| ९०-०७७/३/३१ | सरस्वती मावि घेरावार | रेगन निर्माण सेवा तथा सारंग सप्लायर्स | ९५८७४६.५८ |
| ९१-०७७/३/३१ | लालिगुरास आवि खेलमैदान निर्माण | निराज निर्माण तथा ढुवानी सेवा | ९५३९६९.३० |
| ९२-०७७/३/३१ | बेरुलु सिंचाई निर्माण | सुनिल निर्माण सेवा एण्ड सुनिल खाद्य ढुवानी सेवा | ९५८११९.३२ |
| ९८-०७७/३/३१ | विद्युत पावरहाउस खाल्दारा | रेगेन निर्माण सेवा तथा सारंगा सप्लायर्स | ९५००००.०० |
| विभिन्न ३ भौचर | घट्टेखोला -खमन सिंचाई | दिनेश नमुना कन्स्ट्रक्सन जे.भी. | ५२४८८४१.२४ |
| | जम्मा | | ९०६९६७६.४४ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ३९. | **वीमा नगरेकोः** सार्वजनिक खरिद नियमावली, को नियम ११२ मा दश लाख भन्दा बढीको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री लगायतको वीमा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालीकाले निम्नानुसार कार्यहरु निर्माण व्यवसायीहरु मार्फत गराएकोमा वीमा गराएको छैन । धेरैजसो आयोजनाको लागत अनुमान तयार गर्दा वि.ओ.क्यू.मा नै वीमाको व्यवस्था नराखेको तथा निर्माण व्यवसायीले सो सम्बन्धमा ध्यान नदिएको कारण वीमा नगर्ने गरेको देखिन्छ । यसरी वीमा नगर्दा निर्माण कार्यको अवधिमा हुन सक्ने सम्भावित दुर्घटनको जोखिम वहन हुने देखिएन । सम्भावित दुर्घटनको जोखिम वहनको वीमा गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| काम | निर्माण व्यवसायी | सम्झौता रकम |
|---|---|---|
| डयाङ्गेपानी - माझफाल खानेपानी | डोल्पो हिराचन कन्स्ट्रक्सन प्रा.ली. | ४७९०१७६.०० |
| डयाङ्गेपानी - माझफाल खानेपानी (पार्ट २) | संजिवनी निर्माण सेवा प्रा.ली. | ४७९९६७४.०० |
| ४ नं. वडा कार्यालय भवन निर्माण | महादेव निर्माण तथा ढुवानी सेवा | २१०१९५०.८० |
| जम्मा | | ११६९१८००.८ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|
| ४०. | **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु. ४६५९२१.०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ४६५९२१.०० |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | काम | भुक्तानी रकम | मुअकर कर रकम | ५० प्रतिशत भ्याट रकम |
|---|---|---|---|---|---|
| विभिन्न ३ भौचर | दिनेश नमुना कन्स्ट्रक्सन जेभी | घट्टे खोला-खमन संचाई | ५२४८८४१.२४ | ६०३८४९.०० | ३०१९२४.५० |
| ९१-०७७/३/३१ | निराज निर्माण तथा ढुवानी सेवा | लालिगुराँस आ.वि.खेल मैदान | ९५१०१६.२५ | १०९४०९.०० | ५४७०४.५० |
| ९२-०७७/३/३ | सुनिल निर्माण सेवा एण्ड सुनिल खाद्य | बेरुलु सिंचाई निर्माण | ९५००००.०० | १०९२९२.०० | ५४६४६.०० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ढुवानी सेवा | | | | |
| ९८-०७७/३/३१ | रेगन निर्माण सेवा तथा सारंगा सप्लायर्स | विद्युत पावर हाउस, खाल्दारा | ९५००००.०० | १०९२९२.०० | ५४६४६.०० |
| जम्मा | | | | ९३१८४२.०० | ४६५९२१.०० |

४१. **नन्फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. १८३७४७.२ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल गर्नुपर्ने रु. १८३७४७.२

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भ्याट नं. | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|
| ४।०७६।३।२५ | चन्द्र सुर्य निर्माण सेवा | ३०३९४८४३२ | १०२२८९.२० | ०७८/६/१८ |
| ,, | ,, | ,, ,, | ८१४५८.०० | ,, ,, |
| | जम्मा | | १८३७४७.२ | |

४२. **आनुपातिक कट्टीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएमा सोही अनुरुप स्थानीय तहबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ।कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको निम्नानुसारको कार्यमा शुरू सम्झौता भन्दा घटी कार्यसम्पन्न गरेकोमा नियमानुसार आनुपातिक कट्टी नगरी भुक्तानी गर्दा बढी भुक्तानी गरेको रकम असूल गरी दाखिला गर्नुपर्ने रु. ३१७४२.००

| भौ.नं./मिति | योजनाको नाम | लागत अनुमान | कार्यालय को योगदान | कार्यसम्पन्न | भुक्तानी हुनुपर्ने | भुक्तानी गरेको | बढी भूक्तानी |
|---|---|---|---|---|---|---|---|
| २-०७७/२/२५ | लक्ष्मी मावि सौचालय निर्माण | ८८७७७५ | ६६५००० | ८५३०४० | ६३८९८१ | ६६५००० | २६०१९ |
| २१-०७७/३/२३ | आदर्श मावी भवन निर्माण | ८०१४०९६ | ६०८०००० | ८००६५५२ | ६०८०००० | ६०७४२७७ | ५७२३ |
| जम्मा | | | | | ४०१७३६९ | ४१३६२८२ | ३१७४२ |

४३. **बढी भुक्तानीः** घट्टे खोला-खमन सिंचाई योजना निर्माणको लागी मिति २०७६/२/१७ मा दिनेश नमुना कन्स्ट्रक्सन जेभी सँग रु. ५१,३७,४३०/३० मा सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । सम्झौता अनुसार २०७६/१२/३० सम्ममा कार्यसम्पन्न हुनुपर्नेमा कोभिड महामारीको कारण असार मसान्त सम्म म्याद थप भई २०७७/३/१७ मा कार्य सम्पन्न

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
| --- | --- | --- |
| | भएको छ । योजनाको भुक्तानी पहिलो किस्तामा रु. १६६१८००/-, दोस्रो किस्ता रु. १७४८२७९/५० र तेस्रो किस्ता रु. १८,३७७६१/७४ गरी जम्मा रु. ५२.४८,८४१/२४ भुक्तानी गरेकोले सम्झौता रकम भन्दा रु. १,११,४१०/९५ बढी भुक्तानी भएको छ । सम्झौता रकम भन्दा बढी भुक्तानी गर्दा राज्यलाई बढी व्ययभार परेको छ । बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असूल गर्नुपर्ने रु. | १११४१०.९५ |
| ४४. | **पारिश्रमिक कर:** आयकर ऐन, २०५८ को दफा ४ बमोजिम कुनै व्यक्तीले दाखिला गर्नुपर्ने करको गणना गर्दा सो आय बर्षका लागि सो व्यक्तीको करयोग्य आयमा दफा ८७(१) वमोजिम कुनै रकम भुक्तानी गर्दा अनुसुची १ को दफा १(२) मा उल्लेखित दरहरु लगाई करको गणना गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कर्मचारीहरुको करयोग्य आय भएकोमा पारिश्रमिक कर कट्टा गरेको छैन । नियमानुसार लाग्ने कर रकम सम्बन्धितबाट असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु....... | ३२६९६.२० |

| सि.नं. | कर्मचारीको नाम | करयोग्य आय | कर रकम |
| --- | --- | --- | --- |
| १ | श्री तारा कुमारी महतरा | ३५९२२.०० | ३५९२.०० |
| ३ | श्री सन्तोष गुरुङ | १३९६००.०० | १७९२०.०० |
| ४ | श्री पुष्पा रिजाल | ४४२४४.०० | ४४२४.०० |
| ५ | श्री रत्नविर कठायत | ६७६०२.०० | ६७६०.२० |
| जम्मा | | | ३२६९६.२० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
| --- | --- | --- |
| ४५. | **पेश्की बाँकी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिएको रकम नियमावलीमा तोकिएको म्याद भित्र नियमानुसार फछ्यौंट गर्नु गराउनु पेश्की दिने र लिने दुबै थरिको कर्तव्य हुने उल्लेख छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष विभिन्न कर्मचारी, उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरूलाई उपलब्ध गराएको पेश्की मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की लेखापरीक्षण अबधिसम्म फछ्यौट भएको नदेखिएकोले नियमानुसार फछ्यौंट गर्नुपर्दछ, रू | ३९१३७८४.६७ |

| कार्यक्रम | पेश्की दिएको भौचर र मिति | पेश्की लिनेको नाम र प्रयोजन | म्याद नाघेको रकम रु. |
| --- | --- | --- | --- |
| पुंजीगत | ७३।२०७७।३।२८ | उं शिव शक्ति निर्माण सेवा तथा ढुवानी सेवाको वडा कार्यालय भवन निर्माण | ४८९१६४.०० |
| पुंजीगत | ७४।२०७७।३।२८ | उं शिव शक्ति निर्माण सेवा तथा ढुवानी सेवाको वडा कार्यालय भवन निर्माण | ४८९१६४.०० |
| संघिय पुंजिगत | ९।०७७।२।२६ | महादेव निर्माण सेवा | १५१०४५६.६७ |
| संघिय पुंजिगत | १६।०७७।३।१२ | आदर्श मा.वि. भौतिक पूर्वाधार निर्माण | १४२५०००.०० |
| जम्मा | | | ३९१३७८४.६७ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरू | बेरुजू रकम |
| --- | --- | --- |
| ४६. | **अनुगमन लेखापरीक्षण र सम्परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले यो बर्ष वेरुजु फछ्र्यौट गरी सम्परीक्षण गराएको छैन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरुमा सुधार गर्न ध्यान नदिएको कारण गाँउपालिकाले आर्थिक अनुशासन कायम गराउन ध्यान नदिएको देखिन्छ । यसमा सुधार गर्नुपर्दछ । | |

ठुलिभेरी नगरपालिका डोल्पा

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७६।७७

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३३ | १७ | ३१८९१ | ० | ० | ० | ३३ | १७ | ३१८९१ | १४०० | ३६१ | २६२१६ | ० | ० | २६५७७ | ३९१४ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७६।७७

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ठुलिभेरी नगरपालिका डोल्पा | १६६१८८ | ० | ० | १६६१८८ | ० | ३१८९१ | १९८००९ |